# सारांश

स्थानीय निकाय -आर्थिक प्रशासन नियमावली, २०५६ को नियम २०१ ले गरेको व्यवस्था अनुसार बर्षमा एक पटक स्थानीय निकायहरु - जिल्ला विकास समिति, नगरपालिका र गा.वि.स.) हरुले आर्थिक बर्ष समाप्त भएको प्रथम चौमाषिक भित्र सामाजिक परीक्षण गरी सक्नु पर्ने प्रावधान गरेको छ । सामान्य परिभाषा अनुसार सामाजिक परिक्षण कुनै पनि संस्थाको सामाजिक कार्य सम्पादनको परीक्षण हो । जसमा सरोकारवालाले सामाजिक कार्य सम्पादनमा भविश्यमा गर्न सकिने सुधारको आशा राख्छन् । स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ को अधिनमा रही गोरखा नगरपालिकाको आ.व. ०७०।०७१ को सामाजिक परीक्षण गरिएको छ ।

सामाजिक परीक्षणलाई अनुसन्धाननात्मक ढंगबाट अध्ययन पश्चात सम्पूर्ण सरोकारवाला सहितको समावेशि उपस्थितिमा प्रारम्भिक प्रतिबेदन प्रस्तुत गरि छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम प्रतिबेदन तयार गरिएको छ । सो को लागि अन्तरक्रिया २०७० कार्तिक ३० गते सञ्चालन गरिएको थियो । गोरखा नगरपालिका र बिषयगत कार्यालय र गैह्र सकारी संघ संस्थाहरुको विवरण कार्यविधिको अनुसूची २ र ३ बमोजीम संलग्न गरिएको छ ।

सामाजिक परिक्षणबाट देखिएका सवल पक्षहरुमा आवधिक योजना कार्यन्वयनमा ल्याईएको, कर संकलनमा कम्प्यूटर सफ्टवयर मार्फत विलिङ.को माध्यम द्धारा आन्तरिक आयको व्यवस्था गरेको, उपभोक्ता समितिको माध्यम द्धारा योजना कार्यन्वयमा ल्याईएको, कृषि व्यवसायिकरण पर्यटन र घरेलु उधोग बिकासलाई बिशेष प्रथमिकता दिईएको, नगरपालिकालाई खुल्ला दिशामुक्त क्षेत्र घोषण गर्न सफल भएको, नगरपालिकाका केहि वडाहरुमा प्रदुषित धुँवामुक्त नमुना वडा बनाउन कार्यक्रम संचालन भएको , आन्तरिक आय संकलनमा वृद्धि गर्न सफल भएको यी लगाएतका बिषयहरुमा यस नगरपालिकाको उपलब्धिका रुपमा रहेका छन् ।

यस नगरपालिकाका अधिक बिषयमा सकारात्मक उपलब्धि भएता पनि अन्य केहि बिषयमा सामाजिक परीक्षणबाट देखिएका चुनौती वा कमिकमजोरीहरुमा आयोजनाहरु संचालनमा उपभोक्ताहरुको बास्तविक लागत सहभागिता जुटाउन नसक्नु, नगरपालिकामा व्यवस्थित सेनेटरि ल्यांडवफल्डसाइडको अभाब हुनु, व्यवस्थित बस पार्क नहुनु, पशुवधशालाको व्यवस्था गर्न नसक्नु मुख्य चुनौतीहरु छन् । विकास निर्माणमा केन्द्रिय बजेटको निर्भरता रहनु त्यस्तै प्रयाप्त प्रविधिक जनशक्तिको कमि हुनु, बजेटको आधारमा साना योनाहरुको माग सगै संख्यामा बढी भएका कारण योजना अनुगमन गर्न कठिनाई हुनुले दिगोविकासमा जोड दिन नसकिएका बिषयहरु अझ पनि नगापालिकाका समस्य एव चुनौतीहरु यथावत रहेका छन् ।

सामाजिक जिम्मेवारी पुरागर्न नगरपालिकाले चाल्नुपर्ने कदमहरु :

१. गोरखा नगरपालिकाको भौतीक पूर्वाधार खास गरि भवन निर्माणलाई व्यवस्थित गरिनु पर्ने
२. नगरपालिका क्षेत्रमा आवासिय, कृषि, औधोगीक, व्यपारीक र शैक्षिक क्षेत्रहरुको किटानी गरिनु पर्ने ।
३. नगरक्षेत्रमा दैवि प्रकोप नियन्त्रणको लागि नदि नियन्त्रण कार्य तथा अग्नि नियन्त्रणका साधन र श्रोत्रको व्यवस्था गरिनुपर्ने ।
४. नगरको फोहरमैलालाई घर घरबाटै वर्गिकरणको माध्यमबाट न्यूनिकरण गरि फोहरबाट मोहरको अवधारणलाई विकास गरि फोहर विर्सजन कार्यमा न्यूनीकरण गर्नुपर्ने ।
५. नगर क्षेत्रमा खोलीएका नयाँ सडकहरुको लगत कट्टा गरिनु पर्ने ।
६. यतायतका साधन दिनानुदीन वृद्धि भईरहेकोले उचित किसिको पाकीड तथा बस पार्कको वयवस्था मिलाउनु पर्ने ।
७. पर्यटनको अधिक सम्भावना रहेकोले नगर पर्यटकीय क्षेत्रको पहिचान सहित नगर पर्यटन गुरुयोजना निर्माण गर्नुपर्ने ।
८. महिला, दलित जनताति एव बिपन्न पिछडिएका वर्गका लागि सामाजिक, आर्थिक र शैक्षिक विकासका लागि आधुनिक कृषि तथा पशुपालन व्यवसायलाई बढवा दिदै स्वरोजगारमुलक कार्यक्रमहरुको पहिचान गरी कार्यन्वयनमा ल्याउनु पर्ने ।
९. नगर क्षेत्रको वातावरणीय सुधार गर्नका लागि प्लाष्टिक मुक्त नगर बनाउन प्रयास गर्नुपर्ने ।
१०. खुल्ला दिशा मुक्क्त घोषण भईसकेकोले यस निरन्तरता संगै थप कार्य अगाडि बढाउनु पर्ने
११. पूर्ण खोप एव साक्षर नगर घोषणका लागि आवश्यक पहल गर्नुपर्ने ।

## १. पृष्ठभूमि

सामाजिक परीक्षण परिभाषामा समााता भेटिदैन । सामान्य परिभाष अनुसार सामाजिक परीक्षण कुनै पनि संस्थको सामाजिक कार्य सम्पादनको परीक्षण हो जसमा सरोकारवालाले सामाजिक कार्य सम्पादनमा भविश्यमा गर्न सकिने सुधारको आशा राख्दछन् । सामाजि परीक्षण बर्षमा एक पटक वा दुई पटक गर्ने प्रचलन रहेको पाईन्छ । स्थानीय निकाय - ( आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ ले गरेको व्यवस्था अनुसार बर्षमा एक पटक गर्ने प्रावधान गरेकोले स्थानीय निकायहरु - जिल्ला विकास समिति, नगरपालिका र गा.वि.स. ) हरुले आर्थिक बर्ष समाप्त भएको प्रथम चौमाषीक भित्र सामाजिक परीक्षण गरिसक्नु पर्ने व्यवस्था रहेको छ ।यसै स्थानीय निकाय सामाजि परीक्षण कार्यविधि २०६७ बमोजीमको अधिनमा रही गोरखा नगरपालिका कार्यालयको आ.व. ०७०।०७१ को सामाजि परीक्षण सम्पन्न गरिएको छ ।
सामाजि परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन पश्चात् सम्पूर्ण सरोकारवाला सहितको समाबेशी उपस्थितिमा प्रारम्भिक प्रतिबेदन प्रस्तुत गरिएको थियो । उक्त छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम प्रतिबेदन तयार गरिएको छ ।

## २. उद्धेश्य

स्थानीय निकाय - आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ ले गरेको व्यवस्था अनुरुप नगरपालिकाको एक आर्थिक बर्षमा हरेक स्थानीय निकायकै समग्र सामाजिक उत्तरदायित्त परीक्षण एव लेखाजोखा गर्नु यस सामाजिक परीक्षणमा संलग्न सामाजिक परीक्षकको उद्धेश्य हो ।

## ३. सामाजिक परीक्षण विधि एव तरिका

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट देहायका विधिहरु प्रयोग गरी पूरा गरिएको छ ।

### क) सन्दर्भ सामाग्री समीक्षा र अध्ययन

- सम्बन्धी ऐन, नियम, कार्यविधिहरु र निर्देशिकाहरु
- स्थानीय निकायको सामाजिक जिम्मेवारी,लक्ष्य,उद्धेश्यहरु
- आवधिक तथा बार्षिक योजना -( बिषयगत कार्यालय तथा गै.स.स. हरुको समेत)
- सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना
- नागरिक बडापत्र
- बार्षिक प्रतिबेदन तथा पुस्तिका

**ख) अन्तरवार्ता र समुह छलफल**

नगरपालिकाका प्रमुख एव कार्यकार्रा अधिकृत, शाखा प्रमुख, आयोजना प्रमुख, विषयगत कार्यालय प्रमुखसंग अर्धसंरचना (Semi- structured) अन्तरवार्ता गरिएको थियो ।अन्तरर्वाताबाट समेटिन नसकेका विषयहरुका लागि सम्बन्धीत कर्मचारीहरुको सानो समुह बनाई समुह छलफल गरिएको थियो । प्रमुख समस्य, चुनौती तिनीहरुको सम्पादनको अवस्था र भावी कार्यदिशाका बारेमा गहन अध्ययन गरी बुँदागत रुपमा प्रतिबेदन तयार गरिएको छ ।

**ग) प्रारम्भिक प्रतिबेदन प्रस्तुती तथा छलफल**

यस सामाजिक परीक्षणको प्रारम्भिक प्रतिबेदन देहाएका शिर्षकमा केन्द्रिकृत रही छलफल लागि प्रस्तुत गरिएको थियो ।

- सामाजिक परीक्षणका निष्कर्षहरु
- सामाजिक परीक्षणले औल्याएका सवालहरु
- सवालहरुको प्राथमिकीकरण
- यी सवालहरुलाई सम्बोधन गर्ने प्रतिबद्धताहरु
- सामाजिक प्रतिबेदनले समेट्न नसकेका विषयबस्तु र
- सुझावहरु

**घ) प्रतिबेदन तयारी**

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन पश्चात सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिबेदन प्रस्तुत गरिएको थियो । छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम यो प्रतिबेदन तयार गरिएको छ ।

## ४. अध्ययनको सिमा

सिमित समय र श्रोतका कारण नगरपालिका र केहि गैह्रसरकारी संस्थाहरुलाई अध्ययनको क्षेत्रभित्र समेटिएको छ । अधिकाँश द्धितिय श्रोतबाट सूचनाहरु संकलन भएको र प्राथमिक श्रोतबाट प्राप्त सूचनाहरु सूचनादाताको मौलिक विचारबाट पनि प्रभावित भएका हुन सक्दछन् ।

## ५. बृहत् छलफल कार्यक्रमको विवरण

क) मिति : २०७० कार्तिक ३० गते
ख) स्थान : गोरखा नगरपालिका हल

## ६. स्थानीय निकाय र विषयगत कार्यालय तथा गैह्र सरकारी संस्थाहरुको विवरण :

जिल्ला विकास समिति,जिल्ला शिक्षा कार्यालय,जिल्ला जनस्वास्थ्य कार्यालय,महिला तथा वालवालिका कार्यालय,खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,भवन निर्माण तथा शहरी विकास डिभिजन कार्यालय, जिल्ला कृषी विकास कार्यालय, जिल्ला पशुसेवा कार्यालय, नेपाल टेलिकम कार्यालय, विद्युत प्राधिकरण कार्यालय, जिल्ला प्राविधिक कार्यालय,गैरसरकारी सस्था महासघ, लोकतान्त्रिक गैसस,स्थानीय सेवा प्रदायक सस्थाहरु

## ७. सामाजिक परिक्षणबाट देखिएका सवल पक्षहरु

- कर संकलनमा कम्प्युटर सफ्टवयर मार्फत विलिडको व्यवस्था भएको ।
- राजश्व बृद्धि गर्न सफल
- कार्यक्रम बजेट निर्माण गरी कार्यन्वयन गरिएको ।
- नगरपालिकालाई खुला दिशा मुक्त क्षेत्र घोषण गर्न सफल ।
- कार्य सम्पादन तथा मूल्यांकन (MCPM) मा सफलता प्राप्त ।

## ८. सामाजिक परीक्षणबाट देखिएका चुनौती वा कमिकमजोरीहरु

यस नगरपालिकाको सामाजिक परीक्षण सम्पादन गर्ने क्रममा परीक्षण टोलीबाट देखीएका चुनौती तथा कमिकमजोरीहरुनिम्नबमोजिम छन् ।

- आयोजना कार्यन्वयन गर्दा दक्ष जनशक्तिको अभाव हुनु
- योजनाहरु साना रकममा अधिक हुनाले प्रविधिक अनुगमनमा तथा मूल्यांकन प्रभावकारी रुपमा गर्न नसकिएको
- योजना कार्यन्वय गर्दा कार्य तालिका संग मेल नखानु
- नगरको विकासका लागि केन्द्रिय बजेमा निंभर हुनु
- साना योजनहरुको माग बढी हुनाले दिगो विकासमा जोड दिन नसकिएको
- महिला,दलित जनजाति तथा पिछडिएका गरिव वर्गका लागि खास आधुनिक कृषि व्यवसायीकरणका कार्यक्रम ल्याउन नसक्नु
- भवन आचारसहिंतालाई प्रभावकारी रुपमा लागु गर्न नसकीएको
- पशुपधशालाका लागि जग्गा खोजी गरि निर्माण गर्न नसकिएको
- उपभोक्ताहरुबाट लागत सहभागि अर्थपूर्ण रुपमा जुटाउन नसकीएको

## ९. सामाजिक जिम्मेवारी पुरागर्न चाल्नुपर्ने कदम वा सुझावहरु

- भवन निर्माण आचासहिंता कडाईका साथ लागु गर्नुपर्ने ।
- नगरपालिका क्षेत्रमा आवासिय, कृषि, औधोगीक, व्यपारीक र शैक्षिक क्षेत्रहरुको किटानी गरिनु पर्ने ।
- नगरक्षेत्रमा दैवि प्रकोप नियन्त्रणको लागि नदि नियन्त्रण कार्य तथा अग्नि नियन्त्रणका साधन र श्रोत्रको व्यवस्था गरिनुपर्ने ।
- नगरको फोहरमैलालाई घर घरबाटै वर्गिकरणको माध्यमबाट न्यूनिकरण गरि फोहरबाट मोहरको अवधारणलाई विकास गरि फोहर विर्सजन कार्यमा न्यूनीकरण गर्नुपर्ने ।
- नगर क्षेत्रमा खोलीएका नयाँ सडकहरुको लगत कट्टा गरिनु पर्ने ।
- यतायतका साधन दिनानुदीन वृद्धि भईरहेकोले उचित किसिको पाकीड तथा बस पार्कको वयवस्था मिलाउनु पर्ने ।
- पर्यटनको अधिक सम्भावना रहेकोले नगर पर्यटकीय क्षेत्रको पहिचान सहित नगर पर्यटन गुरुयोजना निर्माण गर्नुपर्ने ।
- महिला, दलित जनताति एव बिपन्न पिछ्डिएका वर्गका लागि सामाजिक, आर्थिक र शैक्षिक विकासका लागि आधुनिक कृषि तथा पशुपालन व्यवसायलाई बढवा दिदै स्वरोजगारमुलक कार्यकमहरुको पहिचान गरी कार्यन्वयनमा ल्याउनु पर्ने ।
- नगर क्षेत्रको वातावरणीय सुधार गर्नका लागि प्लाष्टिक मुक्त नगर बनाउन प्रयास गर्नुपर्ने ।
- खुल्ला दिशा मुक्त घोषण भईसकेकोले यस निरन्तरता संगै थप कार्य अगाडि बढाउनु पर्ने ।
- पूर्ण खोप एव साक्षर नगर घोषणका लागि आवश्यक पहल गर्नुपर्ने ।
- खुला दिशामुक्त नगरपालिका घोषण भई सकेकोले पूर्ण सरसफाई नगर घोषका कार्यक्रम संचालन गर्नुपर्ने ।

घ) एन.जि.ओ. नेटवर्क गोरखा
योजना तथा कार्यक्रम कार्यन्वयन गर्दा भोगेका समस्यहरु :
गैससहरुको डेक्स स्थापना हुन नसक्नु, गैससमा एकरुपता हुन नसक्नु, गैसस र सरकारी कार्यालय वीचमा समन्वय नहुनु ।

भावि कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरु तथा सुझावहरु :
नगरपालिकामा गैससहरुको डेक्स स्थापना हुन पर्ने, गैससमा एकरुपता हुन पर्ने, गैसस र सरकारी कार्यालय वीचमा समन्वय हुनु पर्ने ।

ङ) महिला तथा बालबालिका कार्यालय गोरखा
महिला ,वालवालिका तथा ज्येष्ठ नागरिक लक्षित कार्यक्रमहरु महिला तथा वावालिका कार्यालय र नगरपालिका वीच मिलेर गर्नुपर्ने ।

च) उपभोक्ता समिति एव निर्माण समिति

टोल विकास सस्था र उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना तथा कार्यक्रम कार्यान्वयन सम्वनधी तालिम दिनु पर्ने ।

# गोरखा नगरपालिका

गोरखा

**आर्थिक बर्ष २०७०।०७१ को सामाजिक परीक्षण प्रतिबेदन**

**२०७१**

## १. नगरपालिकाको परिचय

नेपाल अधिराज्यको पश्चिमाञ्चल विकास क्षेत्रमा रहेको गोरखा जिल्लाको पहिलो ऐतिहासिक नगरी गोरखा नगरपालिका वि.स. २०५३ साल माघ १५ गते साविक गोरखकाली, रानिश्वारा र तारानगर गा.वि.स. हरुलाई समेटेर यस नगरपालिका गठन भएको हो

विश्वको सामु गुर्खाको नामबाट परिचित गोर्खालीहरुको भूमि गोरखामा नेपालको एकिकरणका नायक पृथिवीनारायण शाह यसै जिल्लाका हुन भने ऐतिहासीक धरोहर मध्ये गोरखा दरबार,गोरनाथ मन्दिर,कालिका मन्दिर एव तल्लो दरबार आदि यसै नगरपालिका क्षेत्रभित्र पर्दछन् ।

## २. भौगोलिक स्थिती

२.१ प्रशासनीक विभाजन

प्रदेश : पहाडी
विकास क्षेत्र : पश्चिमाञ्चल
अञ्चल : गण्डकी
जिल्ला : गोरखा
न.पा. : गोरखा नगरपालिका
टोल विकास संस्था : १४२
वडा नागरिक मञ्च :
नागरिक सचेतना केन्द्र :
बालकल्ब संख्या : ३४
र्निवाचन क्षेत्र : १
न.पा. को कुल जनसंख्या : ३२,३७२ ( जनगणना २०६८ अनुसार )

२.२. सीमाना

पूर्व : ताप्ले र बुड.कोट गा.वि.स.
पश्चिम : मिरकोट र खोप्लाड. गा.वि.स.
उत्तर : गाँखु र छोप्राक गा.वि.स.
दक्षिण : ताक्लुड. र बकाड. गा.वि.स.

२.३ मुख्य नदी तथा खोलाहरु

मुख्यनदी : दरौंदी नदी
खोलाहरु : सिर्दी खोला, लुदीखोला, कर्णे खोला, बेनी खोला, गंगटे खोला आदी

दीर्घकालीन सोच : , कृषिमा ब्यावसायिकरण पर्यटन र घरेलु उधोगको विकास,

## ३. तालिका न. १ : जनसंख्या विवरण वडागत रुपमा

| वडा न. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जनसंख्या | २४७२ | ३१५७ | ४५७७ | २८५१ | १५७७ | ३८८९ | १६६९ | ३७६९ | २७५० | २९३१ | २७४१ |
| जम्मा संख्या | | | | | | | | | | | |

स्रोत : न.पा. नगर विकास योजना २०७२

## ४. सरसफाई तथा फोहर मैला व्यवस्थापनको अवस्था

४.१ ट्याक्टर : १ वटा
४.२ दैनिक फोहर उत्पालन : २ टन
४.३ डम्पिड साइड अस्थायी : १ स्थान
४.४ सार्वजनिक शौचालय : ४ स्थानमा

## ५. स्वास्थ्य सुविधाको अवस्था

५.१ सरकारी अस्पताल संख्या : १
५.२ निजि अस्पताल संख्या : ३
५.३ नगर स्वास्थ्य केन्द्र संख्या : ३
५.४ उपस्वास्थ्य चौकी संख्या : ३
५.५ मेडिकल पसल संख्या : ३०

## ६. बैंक तथा वित्तिय संस्थाहरुको विवरण

६.१ वणिज्य बैंकहरुः १
६.२ विकास बैंकहरु : ११
६.३ सहकारी संस्थाहरु : ८३

## ७. शैक्षिक संघ संस्थाहरुको विवरण

७.१ क्याम्पसहरु : २ वटा, शिक्षक संख्या : ६० जना, विधार्थी संख्या : १९५३ जना
७.२ उच्च मा.वि. : ६ वटा, शिक्षक संख्या : ७० जना, विधार्थी संख्या : ४९३० जना
७.३ मा.वि. : ९ वटा, शिक्षक संख्या : ८० जना, विधार्थी संख्या : ५३४० जना
७.४ नि.मा.वि. : ५ वटा, शिक्षक संख्या : ४० जना, विधार्थी संख्या : ६७० जना
७.५ प्रा.वि. : १५ वटा, शिक्षक संख्या : ४५ जना, विधार्थी संख्या : २१०० जना

८. महिला समूह संख्या : १० वटा
९. वालक्लवहरुको संख्या : ३४ वटा
१०. गैरसरकारी संस्थाहरुको संख्या : १७ वटा
११. सामुदायि वन उपभोक्ता संस्थाको संख्या : ५६ वटा

## १२. प्रमुख मठ मन्दिर तथा धार्मिक स्थलहरु

१२.१ गोरखकाली मन्दिर, गोरखानाथ मन्दिर, तल्लो दरवार,रामेश्वर मन्दिर, हनुमान ढोका,विरिम काली मन्दिर, ठुलो आँगन,भिमसेन स्मारक, सीतापाईला देविथान कृष्ण मन्दिर, चौघेरा दरवार ।

१३. नगरपालिकामा भू– उपयोगको विवरण

| शिर्षकहरु | क्षेत्रफल वर्ग कि.मी. | प्रतिशत |
|---|---|---|
| कृषि योग्य क्षेत्र | ४१.३८ | ५४.६० |
| वनजंगल क्षेत्र | १९.९६ | २५.७१ |
| बस्ति क्षेत्र | ४.६६ | ६.०० |
| बगर क्षेत्र | २.६५ | ३.४१ |
| झाडी क्षेत्र | २.३३ | ३.०० |
| जल क्षेत्र | २.७५ | ३.५५ |
| घाँसेमैदान क्षेत्र | ३.८९ | ५.०३ |
| **जम्मा** | **७७.६२** | **१००** |

## १४. सूचना संचारको अवस्था

१४.१ पत्रपत्रिकाहरु : २ वट
१४.२ एफ.एम. रेडियो : ५ वटा
१४.३ टेलिफोन वितरण लाईन : १८४० लाईन
१४.४ मोवाईल फोन सिम : ८१,८०० सिम
१४.५ केवुल नेटवर्क टि.भि. : १ वटा

## १५. नगरपालिकाको प्राथमिकता तथा लक्ष्यहरु

**१५.१ लक्ष्य :**
नगरको सर्वाङ.ण विकास गरि नगरवासीहरुको उन्नतिर प्रगतिका लागि जनसेवा गर्ने ।

**१५.२ उद्धेश्य :**

- ❖ समग्र नगरको विकास प्रक्रियालाई सहभागितात्मक, समावेशी एव. गरिवी न्यूनिकरणमुखी बनाई संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न सहयोग पुर्‍याउने ।
- ❖ खानेपानी सरसफाई र शहरी स्वास्थ्य सेवामा विस्तार गर्दै नगर सरसफाई अभियानलाई प्रभावकारी बनाउने ।
- ❖ महिला,वालबालिका, जेष्ठ नागरिक, अपाङ. ,दलित, जनजाति लगाएत गरिव पछाडी परेकाका वर्गको उत्थान र विकासका लागि बिषेश प्रथमीकता प्रदान गरि विकासमा सहयोग पुर्‍याउने ।
- ❖ परम्परागत कृषि प्रणालीलाई समय अनुकुल परिस्कृत गरि व्यवसायीकरण तथा विविधिकरण गर्ने ।
- ❖ नगरलाई बालमैत्री स्थानीय शासनको प्रत्याभूति हुने गरी नीति तथा कार्यक्रम निर्माण गरि कार्यान्वयन गर्ने ।
- ❖ वातारणीय स्वच्छता कायमका लाई वातावण मैत्री स्थानीय शासनका चरणहरुलाई कार्यान्वयनमा ल्याउने ।
- ❖ न्यूनतम शर्त तथा कार्यसम्पादन मूल्यांकन मापदण्डलाई अझ प्रभावकारी रुपमा कार्यान्वयन गरी नगरका गतिवीधिहरुलाई व्यवस्थित बनाउने र विकासलाई तिब्रता दिने ।

## १६. नीति र कार्यान्वयनको अवस्था

### तालिका नं. ३ सरसफाई तथा सामाजिक विकास सम्बन्धी नीतिहरु

| क.श. | नीति | कार्यान्वयनको अवस्था | | सुझाव |
|---|---|---|---|---|
| १ | खुल्ला दिशामुक्त क्षेत्र घोषण भईसकेको अवस्थामा सरोकारवालाहरुको सहयोगमा अभियनलाई पूर्णसरसफाईका लागि सक्रियता देखाउने । | यस अभियनलाई सक्रीयताका साथ अगाडि बढाउन नसकिएको अवस्था छ । | | खानेपानी तथा सरसफाई कार्यालय संग समन्वय गरि पूर्ण सरसफाईका ५ जोड १ सूचकको कार्यन्वयन गर्नुपर्ने । |
| २ | नगरपालिका क्षेत्रभित्र रहेका शार्वजनिक शौचालयको करार मार्फ उचित व्यवस्थापन गरि थप शौचालय निर्माण गरिने छ । | | | |
| ३ | सरसफाईलाई उचित व्यवस्थापनको लागि ३ R प्रक्रियालाईPPP को अपधारण बमोजीम निर्देशीका तयार गरि लागु गरिनेछ । | | | |
| ४ | वडान. १२,१३ र १४,१५ मा घरभित्रको प्रदुषित धुँवामुक्त नमुना वडा बनाईने छ । | | | |
| ५ | प्लाष्टिक मुक्त नगर घोषण गर्ने नीति अवलम्बन गरिने छ । | | | |
| ६ | वतावरण मैत्री स्थानीय शासन प्रारुप EFLGलाई कार्यन्वयमा ल्याईने छ । | | | |
| | | | | |

तलिका नं . ४ लैगिंक तथा सामाजिक समावेशीकरण सम्बन्धी नीतिहरु

| क.श. | नीतिहरु | कार्यन्वयनको अवस्था | | सुझावहरु |
|---|---|---|---|---|
| १ | लैगिंक तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति २०६६ | लागु भएको | | पर्याप्त वजेटको व्यवस्था गर्नु पर्ने |